*सुन्दरहरैँचा विकासको बगैँचा,*
*विकासको आधार कृषि, पर्यटन र पूर्वाधार*
"विद्याधनं सर्वधन-प्रधानम्"

# हामी र हाम्रो सुन्दरहरैँचा
# सुन्दरहरैँचा नगरपालिकास्तरीय स्थानीय पाठ्यक्रम २०७७


**प्रकाशक**

सुन्दरहरैँचा नगरपालिका

प्रदेश नं. १, मोरङ

**हामी र हाम्रो सुन्दरहरैँचा**

**सुन्दरहरैँचा नगरपालिकास्तरीय स्थानीय पाठ्यक्रम २०७७**

**आधारभूत तह (कक्षा १ देखि ५ सम्म)**

सुन्दरहरैँचा नगरपालिका

मोरङ

**प्रकाशक**

**सुन्दरहरैँचा नगरपालिका, प्रदेश नं. १, मोरङ**

**संरक्षकः**
शिवप्रसाद ढकाल
नगरप्रमुख

| | | |
|---|---|---|
| **सल्लाहकारः** | धनमाया तामाङ | उप-प्रमुख |
| | डा. कृष्णवहादुर घिमिरे | प्रमुख प्रशाशकीय अधिकृत |
| | रामप्रसाद ढुङ्गेल | उपसचिव (अधिकृत स्तर दशौं) |

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**

संयोजक : दामोदर चापागाइँ
सदस्य : कल्याणप्रसाद सिटौला
सदस्य : दुर्गाप्रसाद गुरागाइँ
सदस्य : यामप्रसाद सिग्देल
सदस्यः सूर्यबहादुर बस्नेत
सदस्य : अर्जुन बस्नेत
सदस्य : टीकाप्रसाद ढकाल
सदस्य : हरिश्चन्द्र ढकाल
सदस्य : सुनिलकुमार झा
सदस्य : डा. ईश्वरकुमार राई
सदस्य : दिलकुमार श्रेष्ठ
सदस्य सचिव : लीला ओझा

**पाठ्यक्रम लेखन विज्ञसमूह**

सदस्य : श्री गणेशप्रसाद दहाल
सदस्य : श्री भोजराज घिमिरे
सदस्य : श्री यामबहादुर थापा
सदस्य : श्री सूर्यबहादुर बस्नेत
सदस्य : डा. ईश्वरकुमार राई

**भाषासम्पादक**

सदस्य : दीपकप्रसाद न्यौपाने
सदस्य : डा.ईश्वरकुमार राई

**सर्वाधिकार** : प्रकाशकमा

प्रकाशन वर्ष : २०७८, जेष्ठ
**प्रतिः** **३००**

**स्थानीय पाठ्यक्रमको ढाँचा**

| | |
|---|---|
| स्थानीय पाठ्यक्रमको शीर्षक | : **हामी र हाम्रो सुन्दरहरैँचा, सुन्दरहरैँचा नगरपालिकास्तरीय स्थानीय पाठ्यक्रम २०७७।** |
| स्थानीय पाठ्यक्रमको प्रकृति | : सैद्धान्तिक र प्रयोगात्मक |
| स्थानीय पाठ्यक्रमको सक्षमता | : व्यवहारकुशल सिपमा आधारित |
| तह | : आधारभूत तह |
| साप्ताहिक पाठ्यभार | : कक्षा १-३ मा साप्ताहिक पाठ्यघण्टा ५ |
| | : कक्षा ४-५ मा साप्ताहिक पाठ्यघण्टा ४ |
| वार्षिक पाठ्यघण्टा | : कक्षा १-३ मा वार्षिक कार्यघण्टा १६० |
| | : कक्षा ४-५ मा वार्षिक कार्यघण्टा १२८ |
| मूल्याङ्कन प्रक्रिया | : सिकाइ उपलब्धिमा मूल्याङ्कन अभिलेख फारमअनुसार हुने निरन्तर मूल्याङ्कन। |

## पृष्ठभूमि

सुन्दरहरैँचा बहुविविधतायुक्त उपमहानगरतर्फ उन्मुख सुन्दरतम् नगरपालिका हो । यसको आफ्नै भौगोलिक, सामाजिक, सांस्कृतिक र धार्मिक विविधता छ । यस किसिमको विविधतालाई स्थानीय तहको पाठ्यक्रममा समावेश गरी कार्यान्वयनमा ल्याउँदा सिकारुहरू स्थानीय गतिविधिसँग परिचित हुनाका साथै स्थानीय पाठ्यक्रमको उद्देश्यअनुरूपको व्यावहारिक कौशल प्राप्त गर्न सक्छन् भन्ने हाम्रो मान्यता रहेको छ । यसैगरी यस नगरभित्रका विद्यालयीय शिक्षा सुधारका विभिन्न पक्षमा सबै नागरिकहरूको स्वामित्व र सहभागिता अति आवश्यक हुने हुँदा शैक्षिक विकेन्द्रीकरणको अवधारणाअनुसार स्थानीय आवश्यकतामा आधारित शिक्षाको जग बलियो बनाउनका लागि पनि यो पाठ्यक्रम उपयोगी हुने हाम्रो विश्वास रहेको छ । यसै सन्दर्भमा यस नगरभित्रको शिक्षाक्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि, आवश्यकता एवं शैक्षिक क्षेत्रमा देखापर्ने शैक्षिक मुद्दा तथा चुनौतीलाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराई नगर शिक्षामा गुणात्मक सुधार गर्न सकिन्छ भन्ने तथ्यलाई आत्मसात् गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले तयार गरेको विद्यालय शिक्षाको मार्गचित्रमा आधारित रहेर स्थानीय आवश्यकतामा आधारित आधारभूत तहअन्तर्गत कक्षा १ देखि ५ सम्मका लागि यो **हामी र हाम्रो सुन्दरहरैँचा, सुन्दरहरैँचा नगरपालिका स्तरीय स्थानीय पाठ्यक्रम २०७७** को विकास गरिएको हो ।

यो पाठ्यक्रम सक्षमतामा आधारित रहेको छ । यसमा सुन्दरहरैँचा नगरपालिकाको विविधता र मौलिकतालाई समेट्ने गरी नौवटा विषयक्षेत्रलाई समावेश गरिएको छ । शिक्षालाई जीवनसापेक्ष बनाउने अभिप्रायका साथ सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्ने उद्देश्यका साथ व्यावहारिक ढाँचामा आधारित भई यो पाठ्यक्रमको विकास गरिएको छ । त्यसै गरी यस पाठ्यक्रममा कक्षा १-५ का विद्यार्थीका लागि जीवनमा सफलता हासिल गर्न आवश्यक हुने व्यवहारकुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिएको छ । त्यसैगरी यस स्थानीय पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, आधारभूत शिक्षाका तहगत सक्षमता (कक्षा १-३ र कक्षा ४-५), सिकाइ उपलब्धिको विस्तृतीकरण, पाठ्यक्रममा समावेश गरिने व्यवहारकुशल सिपहरू र पाठ्यक्रमको समग्र संरचना समावेश गरिएको छ । यसमा सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई समेत समावेश गरिएको छ ।

यो पाठ्यक्रम सुन्दरहरैँचा नगरपालिकाका नगरप्रमुख, उपप्रमुख तथा अन्य जनप्रतिनिधिहरू, पाठ्यक्रम निर्माण कार्यदल, शिक्षक, विद्यार्थी, शिक्षाविद्, प्राध्यापक र विज्ञहरूको सहभागितामा सञ्चालन गरिएका विभिन्न कार्यशालाका माध्यमबाट विकास गरिएको मस्यौदा तथा प्राप्त सुझावहरूलाई समेत आधार मानी नगरस्तरमा तयार गरिएको हो । कक्षा १-५ को सक्षमतामा आधारित यो स्थानीय पाठ्यक्रम शैक्षिक वर्ष २०७८ देखि नगरक्षेत्रभित्रका सबै विद्यालयहरूमा कार्यान्वयन प्रारम्भ हुने गरी सुन्दरहरैँचा नगगरपालिकाबाट स्वीकृत गरिएको छ ।

सुन्दरहरैँचा नगरपालिका स्तरीय प्रस्तुत स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्यनका लागि स्थानीय सरोकारवाला सम्बद्ध सबैबाट सक्रिय सहयोग र सहभागिताको अपेक्षा गरिएको छ । पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसलाई अझ व्यावहारिक, प्रभावकारी र जीवनोपयोगी बनाउनका लागि पाठ्यक्रम प्रयोगकर्ता, आदरणीय शिक्षकलगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरिएको छ ।

सुन्दरहरैँचा नगरपालिका,

मोरङ

"सुन्दरहरैंचा, विकासको बगैंचा"
"विकासको आधार: कृषि, पर्यटन र पूर्वाधार"

# सुन्दरहरैंचा नगरपालिका
SUNDARHARAICHA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
विराटचौक, मोरङ
Biratchowk, Morang,
१ नं प्रदेश, नेपाल
Province No. 1, Nepal



नगर प्रमुख
शिवप्रसाद ढकाल

## मन्तव्य

देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र राज्यव्यवस्थाको स्थापना, विश्वमा भएका नवीनतम शैक्षिक परिवर्तन र वैज्ञानिक युगअनुसार नेपालको शैक्षिक उन्ननयनलाई सम्बोधन गर्न विद्यालय तहका लागि २०४९ मा विकास गरी लागु गरिएको राष्ट्रिय पाठ्यक्रममा समसामयिक परिमार्जन गर्दै प्राथमिक शिक्षा पाठ्यक्रम २०६३, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धी स्रोत सामग्री, २०६८ र राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले समेत स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसारको विषयवस्तुलाई समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा ल्याउन सक्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी रैथाने ज्ञान, सिप, अनुभव र प्रविधिलाई समेटी तयार गरिने हुँदा स्थानीय पाठ्यक्रमले स्थानीयतालाई जोड दिन्छ। स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको दायित्व स्थानीय तहको हुन आउँछ । उल्लिखित सन्दर्भलाई समेत आधार मानी मिति २०७७/१०/११ गतेको सुन्दरहरैंचा नगरपालिकाभित्रका प्रधानाध्यापकहरूको उपस्थितिमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको मनोनयन गरी मिति २०७८ जेष्ठभित्र आधारभूत तह कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न गर्न भनिएबमोजिम कार्य सम्पन भएकामा खुसी व्यक्त गर्दछु ।

औपचारिक शिक्षाको जग बलियो बनाउन स्थानीय पाठ्यक्रमले मात्र सम्भव हुने भएकाले सुन्दरहरैंचा नगरपालिकामा सञ्चालित सबै विद्यालयहरूले राष्ट्रिय पाठ्यक्रमसँगसँगै यो स्थानीय पाठ्यक्रमको समेत शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ। विद्यार्थीहरू, कार्यरत सबै शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू तथा सम्पूर्ण सरोकारवालाहरूको राय सुझावहरूका आधारमा स्थानीय विज्ञहरूबाट स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न गराउनु भएकामा कार्यदलप्रति हृदयत: आभार व्यक्त गर्दछु। अन्त्यमा यो स्थानीय पाठ्यक्रम निर्माणकार्यमा सूचनादाताहरू, निर्माण कार्यदल, स्थानीय विशेषज्ञहरू, पाठ्यक्रम लेखन विज्ञसमूह, भाषा सम्पादकहरू, अनुवादकहरू र मुद्रकका साथै महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सबै महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। शैक्षिक सत्र २०७८ देखि प्रस्तुत पाठ्यक्रम **हामी र हाम्रो सुन्दरहरैंचा, सुन्दरहरैंचा नगरपालिका स्तरीय स्थानीय पाठ्यक्रम २०७७** प्रभावकारी रूपमा कार्यान्वयन हुने अपेक्षा गर्दछु।

२०७८, जेष्ठ २३

शिवप्रसाद ढकाल
नगर प्रमुख
सुन्दरहरैंचा नगरपालिका

"सुन्दरहरैँचा, विकासको बगैँचा"
"विकासको आधार: कृषि, पर्यटन र पूर्वाधार"

# सुन्दरहरैँचा नगरपालिका

**SUNDARHARAICHA MUNICIPALITY**

नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
विराटचौक, मोरङ
Biratchowk, Morang,
१ नं प्रदेश, नेपाल
Province No. 1, Nepal



## मन्तव्य

उपप्रमुख
धनमाया तामाङ

सुन्दरहरैँचा प्राकृतिक स्रोत, साधन र सौन्दर्यले भरिपूर्ण नगरपालिका हो । यस नगरपालिकाका धेरै सम्भावना तथा चुनौतीहरूलाई रोजगारी र विकासमा एकाकार गरेर राष्ट्रिय पाठ्यक्रमसँग समन्वय गरी यो स्थानीय पाठ्यक्रम **हामी र हाम्रो सुन्दरहरैँचा, सुन्दरहरैँचा नगरपालिका स्तरीय स्थानीय पाठ्यक्रम २०७७** तयार पारिएको छ । यसले सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटेको छ । यस पाठ्यक्रमले हाम्रा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुर्‍याउने अपेक्षा गरेको छ। स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको जिम्मेवारी स्थानीय तह र स्थानीय सरोकारवालाहरूमा निहित रहेको छ । यस परिप्रेक्ष्यमा हाम्रो नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण कार्यदलमार्फत स्थानीय पाठ्यक्रम लेखन विज्ञसमूहको सक्रियता र सरोकारवालाहरूको प्रत्यक्ष अप्रत्यक्ष संलग्नतामा आधारभूत तह कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न गर्न सफल भएकामा अत्यन्तै खुसी लागेको छ। यस पाठ्यक्रमलाई शैक्षिक सत्र २०७८ देखि सबै विद्यालयहरूले प्रभावकारी रूपमा कार्यान्वयन गरी फलदायी शैक्षिक उपलब्धि प्राप्त गर्ने अपेक्षा गर्दछु।

अन्त्यमा सुन्दरहरैँचा नगरपालिकाको स्थानीय पाठ्यक्रम निमार्णका लागि तथ्याङ्क सङ्कलन कार्यदेखि मुद्रण, वितरण र कार्यान्वयनसम्मको भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२०७८, जेष्ठ २३

धनमाया तामाङ
उपप्रमुख
सुन्दरहरैँचा नगरपालिका

"सुन्दरहरैंचा, विकासको बगैंचा"
"विकासको आधार: कृषि, पर्यटन र पूर्वाधार"

# सुन्दरहरैंचा नगरपालिका
SUNDARHARAICHA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
विराटचौक, मोरङ
Biratchowk, Morang,
१ नं प्रदेश, नेपाल
Province No. 1, Nepal



## मन्तव्य

डा. कृष्णबहादुर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

देशको राजनीतिक, सामाजिक, आर्थिक परिवर्तन तथा सूचना प्रविधिको विकास र विश्वव्यापी ज्ञानको विस्फोटनले शिक्षामा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । शिक्षाले बालबालिकालाई गुणस्तरीय जीवनयापनमा सहयोग पुऱ्याउँछ । शिक्षाका माध्यबाट नै सामाजिक जागरण र चेतना सम्भव हुन्छ । शिक्षाको जग बलियो भए देशको सर्वाङ्गीण विकासमा टेवा पुग्दछ । यसमा स्थानीयताको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय पाठ्यक्रमको अपरिहार्यतालाई नेपाल सरकारद्वारा आत्मसात् गरी २०४९ सालदेखि नै राष्ट्रिय पाठ्यक्रममा स्थानीय पाठ्यक्रमको व्यवस्था गरिएको थियो । सोही व्यवस्थानुसार प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले स्थानीय पाठ्यक्रमलाई महत्त्व दिँदै प्राथमिक तहमा १०० पूर्णाङ्कको छुट्टै स्थानीय पाठ्यक्रमको व्यवस्थासमेत गरेको थियो । यसैको निरन्तरतामा आधारभूत तहको पाठयक्रम २०७६ ले स्थानीय पाठ्यक्रमलाई थप व्यवस्थित गर्दै कक्षा १-३ मा पाठ्यघण्टा ५ तथा वार्षिक कार्यघण्टा १६० र कक्षा ४-५ मा पाठ्यघण्टा ४ तथा वार्षिक कार्यघण्टा १२८ तोकेको छ । यसरी राष्ट्रिय पाठ्यक्रमले निर्दिष्ट गरेको सिद्धान्तका आधारमा स्थानीय पाठ्यक्रम निर्माणकार्य सम्पन्न गर्नका लागि गठित कार्यदल र विज्ञसमूहले छोटो समयावधिमा **हामी र हाम्रो सुन्दरहरैंचा, सुन्दरहरैंचा नगरपालिका स्तरीय स्थानीय पाठ्यक्रम २०७७** तयार पारी शैक्षिक सत्र २०७८ देखि पहिलोपटक यस नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयहरूमा कार्यान्वयन हुन लागेकामा खुसी व्यक्त गर्दछु ।

यस कार्यमा सहयोग तथा रचनात्मक सुझाव प्रदान गर्नुहुने प्राध्यापकहरू, प्रधानाध्यापकहरू, शिक्षक तथा बुद्धिजीवीवर्ग, विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू, विद्यार्थीवर्ग र अन्य सरोकारवालाहरू सबैप्रति आभार व्यक्त गर्दछु । अन्त्यमा स्थानीय पाठ्यक्रम तयारी तथा निर्माण कार्यदल, पाठ्यक्रम लेखन विज्ञसमूह, भाषासम्पादकहरू, अङ्ग्रेजी भाषा अनुवादकहरू र मुद्रणकार्यको जिम्मा लिनुहुने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२०७८, जेष्ठ २३

डा. कृष्णबहादुर घिमिरे
(प्रमुख प्रशासकीय अधिकृत)
सुन्दरहरैंचा नगरपालिका

# हाम्रो भनाइ

पाठ्यक्रम शैक्षिक कार्यक्रमको मेरुदण्ड हो । यसले समाजको चाहना र आवश्यकतालाई प्रतिबिम्बित गर्दछ । यस सन्दर्भमा केन्द्रीय तहबाट निर्माण गरिने पाठ्यक्रमले बहुविध नेपाली समाजको विशिष्टता र आवश्यकतालाई समेट्न सक्दैन भन्ने हाम्रो मान्यता रहेको छ । स्थानीय तहमा नागरिकहरूको अपनत्व र सहभागिताका लागि पनि स्थानीय पाठ्यक्रमको आवश्यकता खट्किएको हुन्छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणाअनुसार पनि स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु-गराउनु आज अपरिहार्य विषय बनेको छ । त्यसैले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले तयार गरेको विद्यालय शिक्षाको मार्गचित्रमा आधारित भई यहाँको स्थानीय विषयवस्तुलाई समेटेर आधारभूत तहअन्तर्गत कक्षा १-५ सम्मको यो **हामी र हाम्रो सुन्दरहरैँचा, सुन्दरहरैँचा नगरपालिका स्तरीय स्थानीय पाठ्यक्रम २०७७** निर्माण गरिएको हो ।

प्रस्तुत पाठ्यक्रम निर्माणका लागि सुन्दरहरैँचा नगरपालिकाका प्रमुख श्री शिवप्रसाद ढकालज्यूको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख, शिक्षा अधिकृत र लेखा अधिकृतसहित सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको मिति २०७७/१०/११ गते बसेको नियमित बैठकको निर्णयअनुसार 'स्थानीय पाठ्यक्रम तयारी तथा निर्माण कार्यदल' गठन गरिएको हो । उक्त कार्यदलको २०७७ माघ १४ मा बसेको प्रथम बैठकको निर्णयअनुसार मिति २०७७ माघ २१ गते स्थानीय पाठ्यक्रम (कक्षा १-५) को ढाँचा तयारीका लागि सम्बन्धित विषयका विज्ञहरूसहितको गोष्ठी आयोजना गरेर आफ्नो कार्य प्रारम्भ गरेको थियो । गोष्ठीमा प्रस्तुत गरिएको कार्यपत्र र त्यसमा प्राप्त सुझावहरूका आधारमा प्रश्नावली निर्माण गरी विभिन्न सरोकारवाला पक्षहरूबाट राय सुझावसहित तथ्याङ्क सङ्कलन गरिएको छ । यस क्रममा ३५ वटा विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपल, २७५ जना शिक्षक, ३२७ जना विद्यार्थी, १९२ जना वि. व्य. स. पदाधिकारी र १४२ जना शि. अ. स. पदाधिकारीहरूको सहभागिता रहेको छ । प्रश्नावली निर्माण, तथ्याङ्क सङ्कलन, विश्लेषण तथा सामग्रीहरूलाई एकीकृत रूपमा व्यवस्थापन गर्नका लागि कार्यदलका सदस्यद्वय श्री सूर्यबहादुर बस्नेत र डा. ईश्वरकुमार राईलाई जिम्मा दिइएको थियो । यसैगरी पत्राचार तथा सूचना सम्प्रेषण एवं सम्पर्कसूत्रका रूपमा कार्यदलका सदस्य सचिव श्री लीला ओझाज्यूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । पाठ्यक्रम लेखनको सम्पूर्ण जिम्मेवारीका लागि मिति २०७७/१२/०९ मा बसेको कार्यदलको बैठकले सिफारिस गरेबमोजिम २०७७/१२/११ गते सम्पन्न नगर कार्यपालिकाको ६४ औँ बैठकको निर्णयअनुसार श्री गणेशप्रसाद दहाल, श्री भोजराज घिमिरे, श्री यामबहादुर थापा, श्री सूर्यबहादुर बस्नेत र डा. ईश्वरकुमार राई गरी पाँच सदस्यीय विज्ञसमूह निर्माण गरिएको थियो । उक्त विज्ञसमूहले सहजताका लागि माइक्रो एकेडेमी, विराटचोकमा छुट्टै सम्पर्क कार्यालयको व्यवस्थापन गरी पाठ्यक्रम लेखन कार्य पूरा गरेको छ । विज्ञसमूहद्वारा लेखनकार्य सम्पन्न भएपछि कार्यदलको मिति २०७८ जेठ १० को बैठक निर्णयअनुसार भाषासम्पादनको जिम्मेवारी श्री दीपकप्रसाद न्यौपाने र डा. ईश्वरकुमार राईलाई दिइएको छ । यसैगरी उक्त पाठ्यक्रम अङ्ग्रेजी भाषामा अनुवादका लागि श्री गुरुप्रसाद अधिकारी र श्री राजेन्द्रप्रसाद गिरीलाई कार्यदलले जिम्मेवारी प्रदान गरेको छ ।

यो पाठ्यक्रम निर्माणका सन्दर्भमा कार्यदलको तर्फबाट पाठ्यक्रम निर्माणसँग सरोकार राख्ने स्थानीय राजनैतिक दलका नेताहरू, जनप्रतिनिधिहरू, उद्योगपति तथा व्यवसायीहरू, समाजसेवी तथा बुद्धिजीवीहरू एवं विभिन्न सङ्घ/संस्थाका प्रतिनिधिहरूका बिच प्रत्यक्ष भेलाको आयोजना गर्ने कार्यक्रम राखिएको भए तापनि कोरोना भाइरस (दोस्रो भेरियन्ट) को खतराका कारण उक्त भेला तथा छलफलका कार्यहरू गर्न नसकिएको जानकारी गराउँदछौँ । यति हुँदाहुँदै पनि नगरपालिकाका उपप्रमुखज्यू, विभिन्न वडाका वडा अध्यक्षज्यूहरू र अन्य विद्वान्हरूबाट प्रत्यक्षपरोक्ष रूपमा सल्लाह सुझावहरू प्राप्त भएका छन् । कोरोना महामारीको जटिल परिस्थितिमा भर्चुअल माध्यमबाट समेत छलफल र कार्यविभाजन गरेर भए पनि विज्ञसमूहद्वारा यो स्थानीय पाठ्यक्रम लेखनकार्य पूरा भएको छ । यसरी सम्भव भएसम्मका सरोकारवाला पक्षहरूको सहभागितामा यो पाठ्यक्रम निर्माण गरिएको छ । पाठ्यक्रम आफैँमा एउटा गतिशील दस्तावेज भएकाले समयानुकूल यसमा सुधार तथा परिमार्जनको आवश्यकता पर्दछ । यसका लागि सरोकारवाला सबैप्रति रचनात्मक सुझावको अपेक्षा राखेका छौँ ।

पाठ्यक्रम निर्माणका विभिन्न चरणहरूमा आफ्ना अमूल्य समय प्रदान गरेर रायसुझाव प्रदान गर्नुहुने विद्वद्वर्ग, प्रश्नावली भरी-भराई तथ्याङ्क सङ्कलनमा सहयोग पुऱ्याउनुहुने प्रधानाध्यापक/ प्रिन्सिपलसहितका समग्र विद्यालय परिवार, पाठ्यक्रम लेखन समूहका विज्ञहरू एवं सम्बद्ध सबैमा यो कार्यदल हार्दिक आभार प्रकट गर्दछ । यसै गरी यो पाठ्यक्रम निर्माणमा सुकुना बहुमुखी क्याम्पसको पनि महत्त्वपूर्ण योगदान रहेको छ। क्याम्पसबाट स्थानीय पाठ्यक्रम (कक्षा १-५) को ढाँचा तयारीका लागि आयोजना गरिएको गोष्ठीको सहआयोजकका रूपमा भूमिका निर्वाह गर्नु, विषय विज्ञ प्राध्यापकहरू उपलब्ध गराउनु र गोष्ठी सञ्चालन एवं पाठ्यक्रम लेखनका लागि आवश्यक प्रविधिसहितको सभाकक्ष व्यवस्थापन गराइदिनु लगायतका बौद्धिक एवम् भौतिक सहयोगहरू प्राप्त भएका छन् । यसका लागि क्याम्पस प्रमुख श्री चन्द्रमणि राईज्यूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । अन्तमा यो पाठ्यक्रमको कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गर्नुहुने सम्बद्ध सबै पक्षमा सक्रिय सहयोग एवं सहभागिताको अपेक्षा गरेका छौँ ।

**स्थानीय पाठ्यक्रम तयारी तथा निर्माण कार्यदल**
**सुन्दरहरैँचा नगरपालिका, मोरङ, नेपाल**

## विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | स्थानीय पाठ्यक्रमको अवधारणा | १ |
| २ | सुन्दरहरैंचा नगरपालिकाको स्थानीय तहको पाठ्यक्रमको परिचय | १ |
| ३ | तहगत सक्षमता (कक्षा १– ५) | ३ |
| ४ | तहगत सक्षमताहरू (कक्षा १– ३) | ३ |
| ५ | तहगत सक्षमताहरू (कक्षा ४–५) | ४ |
| ६ | कक्षागत सिकाइ उपलब्धि (कक्षा १–५) | ४ |
| ७ | स्थानीय पाठ्यक्रमको कक्षागत पाठ्यभार ( कक्षा १ - ५ ) | ७ |
| ८ | क्षेत्र, क्रम र सक्षमता (कक्षा १ - ३ ) | ८ |
| ९ | क्षेत्र, क्रम र सक्षमता (कक्षा ४- ५ ) | ११ |
| १० | सिकाइ उपलब्धिको विस्तृतीकरण : कक्षा-१ | १४ |
| ११ | सिकाइ उपलब्धिको विस्तृतीकरण : कक्षा-२ | २३ |
| १२ | सिकाइ उपलब्धिको विस्तृतीकरण : कक्षा-३ | ३६ |
| १३ | सिकाइ उपलब्धिको विस्तृतीकरण : कक्षा-४ | ४४ |
| १४ | सिकाइ उपलब्धिको विस्तृतीकरण : कक्षा-५ | ५३ |
| १५ | मूल्याङ्कन प्रक्रिया | ६२ |
| १६ | उपलब्धि प्रतिशत र उपलब्धि स्तरको व्याख्या | ६४ |
| १७ | स्थानीय पाठ्यक्रमको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम (कक्षा १- ५) तथा ढाँचा | ६५ |
| १८ | सिकाइ उपलब्धिमा मूल्याङ्कन गरिने व्यवहारकुशल सिपहरूको अभिलेख तालिका | ६६ |
| १९ | विद्यार्थी सिकाइ उपलब्धि अभिलेख मूल्याङ्कन अभिलेख कक्षा-१ | ६७ |
| २० | विद्यार्थी सिकाइ उपलब्धि अभिलेख मूल्याङ्कन अभिलेख कक्षा-२ | ७४ |
| २१ | विद्यार्थी सिकाइ उपलब्धि अभिलेख मूल्याङ्कन अभिलेख कक्षा-३ | ८० |
| २२ | विद्यार्थी सिकाइ उपलब्धि अभिलेख मूल्याङ्कन अभिलेख कक्षा-४ | ८६ |
| २३ | विद्यार्थी सिकाइ उपलब्धि अभिलेख मूल्याङ्कन अभिलेख कक्षा-५ | ९२ |
| २४ | अनुसूची | ९८ |
| २५ | सन्दर्भ सामग्री | ९९ |